



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**औषधि व्यवस्था विभाग**

## SEROFLO ROTACAP औषधिको नक्कली (Counterfeit) औषधि फेला परेको बारे





## अत्यन्त जरुरी सूचना (प्रकाशित मितिः २०८३/०३/१०)

औषधि उत्पादक **CIPLA LTD, Kumrek, Rangpo, Sikkim, 737 132, India** बाट उत्पादित **SEROFLO ROTACAPS ( Salmeterol and Fluticasone Propionate Powder for Inhalation IP)** को नक्कली औषधि बिक्रि वितरण भई रहेको पाइएकोले उक्त औषधिको सक्कली र नक्कली सम्बन्धि तपसिल बमोजिमको विवरण यकिन गरि साबधानी अपनाई सक्कली औषधिमात्र सिफारिस, बिक्रि वितरण तथा प्रयोग गर्नु हुन सम्पूर्ण चिकित्सक, फार्मसिष्ट, अस्पताल, औषधि व्यवसायी, सर्बसाधारण तथा सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<table>
<tr><th>सक्कली औषधिको विवरण</th><th>नक्कली औषधिको विवरण</th></tr>
<tr><td>Caution खण्डमा Not to be swallowed को पछाडी कालो रगंको full Stop रहेको<br>
</td><td>Caution खण्डमा Not to be swallowed को पछाडी रातो रगंको full Stop रहेको<br>
</td></tr>
<tr><td>उत्पादकको ठेगानामा "Kumrek" पछि comma (,) रहेको<br>
</td><td>उत्पादकको ठेगानामा "Kumrek" पछि full Stop(.) रहेको<br>
</td></tr>
</table>

नि. महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
औषधि व्यवस्था विभाग
बिजुलीबजार, काठमाडौं

<table>
<tr>
<td>लेबलको रातो भागमा "SCHEDULE H PRESCRIPTION DRUG" लेखिएको (SCHEDULE र H छुट्टिएको)<br><br></td>
<td>लेबलको रातो भागमा "SCHEDULEH PRESCRIPTION DRUG" लेखिएको (SCHEDULE र H जोडिएको)<br><br></td>
</tr>
<tr>
<td>भित्रको बट्टाको एउटा मात्र लेबल लगाएको<br><br></td>
<td>भित्रको बट्टाको लेबल निकाली पुन अर्को लेबल लगाइएको<br><br></td>
</tr>
</table>

यदि कसैले माथि उल्लेखित विवरण बमोजिमको नक्कली औषधि फेला परेमा तपसिल बमोजिम गर्न/गराउनुहुन अनुरोध छ ।

- बिरामीले प्रयोग बन्द गरि आफुले खरिद गरेको फार्मेसी वा औषधि पसललाई जानकारी गराउनुहुन,
- फार्मेसी वा औषधि पसलले तत्काल बिक्रि-वितरण रोक्का राखी, उक्त औषधिको मौज्दात छुट्टयाइ सम्बन्धित थोक बिक्रेतालाई फिर्ता गर्नुहोस र औषधि व्यवस्था विभागलाई जानकारी गराउनुहुन
- थोक बिक्रेताले उक्त औषधिको बिक्रि वितरण गरेको परिमाण फिर्ता गरि मौज्दात छुट्टयाइ, पुन बिक्रि वितरण नहुने गरि अलग्गै भण्डारण गरि औषधि व्यवस्था विभागलाई जानकारी गराउनुहुन

साथै उक्त औषधि खरिद गर्दा उक्त उत्पादकको अधिकारिक बिक्रेताबाट मात्र खरिद गर्नुहोला ।

नि. महानिर्देशक